नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ललितपुर

मानभवन

पत्र संख्या

चलानी नं.:

## स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेश

विभिन्न समूह र पक्षहरुबाट आ-आफ्ना माग राखी उपत्यका क्षेत्रमा प्रदर्शन भएको र सो क्रममा हिंसात्मक गतिबिधि लगायत हुलदंगा वा अशान्ति हुनसक्ने र सार्वजनिक शान्ति सुरक्षामा असर पर्न सक्ने भएकोले जिल्ला सुरक्षा समिति, ललितपुरको मिति २०८२/०५/२३ को सिफारिस अनुसार स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम देहायको क्षेत्रमा मिति २०८२/०५/२३ गते साँझ ६ बजेदेखि लागु हुने गरी अर्को सूचना जारी नभएसम्मका लागि सर्वसाधारण तथा सवारी साधन आवतजावत बाहेक कुनै पनि किसिमको सभा, जुलुस, भेला, धर्ना जस्ता कार्यहरु गर्न निषेध गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यो आदेशको उल्लंघन गरी उल्लेखित कार्यहरु गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ।

देहायः

क) पुल्चोकस्थित यु एन हाउस र न्यायाधीश निवासको २०० मिटर क्षेत्रः

पूर्वतर्फ इनारमोड जाने मूलबाटो,

पश्चिम राष्ट्रिय कितावखाना (निजामती),

उत्तरतर्फ आन्तरिक राजस्व कार्यालय,

दक्षिणतर्फ राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय सहकारी बिकास बोर्डको चौहद्दीभित्र।

ख) भैंसेपाटी स्थित नयाँ मन्त्री निवास क्षेत्रः

पूर्वमा भैंसेपाटीबाट बुंगमती जाने सडक,

पश्चिमतर्फ सिजी हाउजिङ्ग,

उत्तर भैंसेपाटी आवास गेट,

दक्षिणतर्फ इटनी जाने ओह्रालो सीमा कायम गरी सो भित्र।

ग) सानेपा स्थित नेपाली काँग्रेस पार्टीको केन्द्रिय कार्यालय क्षेत्रः

पूर्वमा सानेपा चोकबाट ईन्द्रायणी मन्दिर पक्की सडक,

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ललितपुर

मानभवन

पत्र संख्या
चलानी नं.:

पश्चिमतर्फ बल्खु पुलदेखी मनमोहन पार्कसम्म बागमती करिडोर सडक,
उत्तरतर्फ चक्रपथ सडकको सर्भिस लेन (बल्खु पुलदेखी सानेपा चोकसम्म),
दक्षिणतर्फ ईन्द्रायणी मन्दिरबाट बागमती करिडोर जाने पक्की सडक,

घ) च्यासल स्थित नेकपा (एमाले) पार्टीको केन्द्रिय कार्यालय क्षेत्रः
पूर्वमा मनोहरा खोला करिडोरको झोलुंगे पुल,
पश्चिमतर्फ च्यासल रंगशाला,
उत्तरमा मनोहरा खोला,
दक्षिणतर्फ मल पोखरी जाने बाटो,

मितिः २०८२/०५/२३

..............................
(सुमन घिमिरे)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी